**आकाशवाणी समाचार- नेपाली**

मितिः २१ दिसम्बर २०२४

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले सिकन्दराबादको राष्ट्रपति निलयममा "ऐट होम" समारोहको आयोजना गर्नुभयो।

२. उप राष्ट्रपति जगदीप धनखर आज चण्डीगढको एक दिने भ्रमणमा जाँदै हुनु हुन्छ।

३. प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणका लागि आज कुवेत जानु हुनेछ।

४. केन्द्रीय गृहमन्त्री अमित शाहले आज त्रिपुराको अगरतलामा उत्तर पूर्वी परिषद्-एनईसीको 72 औं पूर्ण बैठकको अध्यक्षता गर्नु हुनेछ।

५. केन्द्रीय वित्त र कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले राजस्थानको जैसलमेरमा राज्य र केन्द्र शासित प्रदेशका वित्त मन्त्रीहरूसँग पूर्व-बजेट परामर्शको अध्यक्षता गर्नु भयो।

**राष्ट्रपति- ऐट होम**

राष्ट्रपति द्रौपदी मुर्मुले हिजो साँझ सिकन्दराबादको राष्ट्रपति निलयममा "ऐट होम" समारोहको आयोजना गर्नुभयो। हैदराबादमा राष्ट्रपतिको शीतकालीन भ्रमण कार्यक्रममा तेलंगाना र अन्य राज्यका राजनीतिक र न्यायिक क्षेत्रका प्रमुख व्यक्तित्वहरूले भाग लिएका थिए। तेलंगानाका राज्यपाल जिष्णु देव वर्मा, हरियाणाका राज्यपाल बंडारु दत्तात्रेय र तेलंगानाका मुख्यमन्त्री ए. रेवन्त रेड्डी कार्यक्रममा उपस्थित थिए। यसको साथै तेलंगाना विधान परिषद्का अध्यक्ष गुट्टा सुकेंदर रेड्डी र तेलंगाना उच्च न्यायालयका मुख्य न्यायाधीश आलोक आराधे पनि कार्यक्रममा उपस्थित थिए। सो अवसरमा तेलंगानाका धेरै मन्त्रीहरू, निर्वाचित प्रतिनिधिहरू र वरिष्ठ अधिकारीहरू पनि उपस्थित थिए। राष्ट्रपति प्रवासको आज अन्तिम दिन हो।

****** ० ******

**उप राष्ट्रपति -चण्डीगढ**

उप राष्ट्रपति जगदीप धनखरले आज चण्डीगढमा पञ्जाब युनिभर्सिटीको पाँचौं ग्लोबल एलम्नाई कन्क्लेभको उद्घाटन गर्नु हुनेछ। उहाँ विश्वविद्यालयका उप कुलपति पनि हुन् । श्री धनखर आज चण्डीगढको एक दिने भ्रमणमा जाँदै हुनु हुन्छ।

****** ० ******

**प्रधानमन्त्री–कुवेत भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिने भ्रमणका लागि आज कुवेत जानु हुनेछ। कुवेतका अमिर शेख मेसल अल जाबेर अल सबाको निमन्त्रणामा प्रधानमन्त्रीको यो भ्रमण हुन लागेको हो। यस अवधि उहाँले कुवेतका नेताहरूसँग कुराकानी गर्नु हुनेछ। श्री मोदीले आज एक कार्यक्रममा भारतीय समुदायका मानिसहरूसँग कुराकानी गर्नु हुनेछ र श्रम शिविरको पनि भ्रमण गर्नु हुनेछ। उहाँ २६औँ अरेबियन गल्फ कपको उद्घाटन समारोहमा कुवेतका अमिरको विशेष अतिथिका रूपमा सहभागी हुनु हुनेछ।प्रधानमन्त्रीलाई भोलि बायन प्यालेसमा गार्ड अफ अनर दिइनेछ। त्यसपछि उहाँले कुवेतका अमिर र युवराजसँग प्रतिनिधिमण्डल स्तरीय वार्ता गर्नु हुनेछ। पछिल्लो ४३ वर्षमा भारतीय प्रधानमन्त्रीको कुवेतको यो पहिलो भ्रमण हुनेछ। कुवेत हाल खाडी सहयोग परिषद्को अध्यक्ष

छ र प्रधानमन्त्रीको यो भ्रमणले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउने मात्र नभई विस्तारित खाडी क्षेत्रसँगको भारतको सम्बन्धलाई पनि सुमधुर बनाउने छ।

****** ० ******

**शाह–एनईसीको पूर्ण बैठक**

केन्द्रीय गृहमन्त्री अमित शाहले आज त्रिपुराको अगरतलामा उत्तर पूर्वी परिषद्-एनईसीको 72 औं पूर्ण बैठकको अध्यक्षता गर्नु हुनेछ।यस सत्रमा पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिन्धिया र पूर्वोत्तर क्षेत्र विकास राज्यमन्त्री डा सुकान्त मजुमदार पनि सहभागी हुनेछन्। बैठकमा सबै पूर्वोत्तर राज्यका गभर्नर र मुख्यमन्त्रीहरू पनि सहभागी हुनेछन्। पूर्ण सत्रअघि प्राविधिक सत्रको उद्घाटन गर्दै हिजो एनईसी बैठक शुरु भएको थियो।हिजो साँझ अगरतला पुगेपछि श्री ज्योतिरादित्य सिन्धियाले पत्रकारहरूलाई भन्नु भयो, यो सत्रले यस क्षेत्रको द्रुत विकासको लागि जग बसाल्नेछ। श्री सिन्धियाले भन्नु भयो, आगामी दिनहरूमा, प्रधानमन्त्री नरेन्द्र मोदीले परिकल्पना गरेको पूर्वोत्तर क्षेत्रले द्रुत विकासको साक्षी हुनेछ। उहाँले यो सत्रमा गत वर्षका एनईसीका गतिविधिमा केन्द्रित हुने जानकारी दिनु भयो। श्री सिन्धियाले यो पनि भन्नु भयो, केन्द्रीय गृहमन्त्रीले उत्तर-पूर्वमा अर्थव्यवस्थालाई पुनर्जीवित गर्ने उद्देश्यले बैंकिङ शिखर सम्मेलनको अध्यक्षता गर्नु हुनेछ। सम्मेलनमा सबै सरकारी तथा निजी बैंकका प्रमुखहरुको सहभागिता रहनेछ।

****** ० ******

**मंत्रिमण्डल**

आर्थिक मामिलासम्बन्धी मन्त्रिपरिषद् समितिले २०२५ सिजनको लागि कोपराको न्यूनतम समर्थन मूल्य-एमएसपीलाई अनुमति दिइएको छ। मन्त्रिपरिषदको बैठकपछि हिजो साँझ नयाँ दिल्लीमा सञ्चारकर्मीलाई जानकारी दिँदै सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले एन.डी.ए. सरकारले किसानको हितका लागि धेरै निर्णय गरेको बताउनु भयो। उहाँले भन्नु भयो, यो किसानहरूको जीवन सुधार गर्न एनडीएको प्रयास हो। यो सरकारको प्रतिबद्धताको प्रतीक हो। श्री वैष्णवले उचित औसत गुणस्तरको मिलिङ खोपराको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल ११ हजार ५ सय ८२ रुपियाँ र बल खोपराको मूल्य १२ हजार १ सय रुपियाँ प्रति क्विन्टल तोकिएको बताउनु भयो। उहाँले यो निर्णयले ८५५ करोड रुपियाँको आर्थिक बोझ पर्ने बताउनु भयो। केन्द्रीय मन्त्रीले गत वर्षको तुलनामा मिलिङ खोपाको मूल्य ४ सय २२ रुपियाँ र बल खोपेराको मूल्य एक सय रुपियाँ बढी रहेको बताउनु भयो।श्री वैष्णवले भन्नु भयो,  नेशनल एग्रीकल्चरल कोअपरेटिभ मार्केटिङ फेडरेशन अफ इन्डिया लिमिटेड - नाफेड र राष्ट्रिय सहकारी उपभोक्ता महासंघ - एनसीसीएफ न्यूनतम समर्थन मूल्य अन्तर्गत कोपरा खरिदका लागि केन्द्रीय नोडल एजेन्सीहरू हुनेछन्। यसमा राज्य सरकारले पनि ठूलो भूमिका खेल्ने र राज्य सरकारी संस्थानको सहयोगमा खरिद गरिने उहाँले बताउनु भयो।

****** ० ******

**लोकसभा-आयुर्वेद निर्यात**

वाणिज्य सूचना तथा तथ्याङ्क महानिर्देशनालयको तथ्यांकअनुसार २०२१-२२ मा अन्य देशमा निकासी हुने आयुर्वेदिक औषधि १ करोड छत्तीस लाख २३ हजार अमेरिकी डलरबाट घटेर 2023-24 मा १ करोड २४ लाख ९७ हजार अमेरिकी डलरमा झरेको छ। सोही अवधिमा आयुर्वेदिक औषधिमा प्रयोग हुने पदार्थको निर्यात १७३.५ मिलियन अमेरिकी डलरबाट घटेर १६२.३ मिलियन अमेरिकी डलर पुगेको छ। आयुर्वेदिक औषधिको आयात २०२१-२२ मा १२ मिलियन अमेरिकी डलरबाट २०२३-२४ मा ९९ लाख अमेरिकी डलरमा घटेको छ।आयुष राज्यमन्त्री डा. प्रतापराव जाधवले लोकसभामा प्रश्नोत्तरको समयमा भन्नु हयो, २०२२ मा स्थापना भएको आयुष निर्यात प्रवर्द्धन परिषद्ले आयुर्वेद, होमियोप्याथी, सिद्ध र युनानी प्रणालीका उत्पादनहरूको निर्यातको निरीक्षण गर्छ।

****** ० ******

**सीतारामन - पूर्व बजेट परामर्श**

केन्द्रीय वित्त र कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले हिजो साँझ राजस्थानको जैसलमेरमा राज्य र केन्द्र शासित प्रदेशका वित्त मन्त्रीहरूसँग पूर्व-बजेट परामर्शको अध्यक्षता गर्नु भयो। बैठकमा केन्द्रीय वित्त राज्यमन्त्री पंकज चौधरी, गोवा, हरियाणा, जम्मू कश्मीर, मेघालय र ओडिशाका मुख्यमन्त्रीहरू र अरुणाचल प्रदेश, बिहार, मध्य प्रदेश, राजस्थान र तेलंगानाका उप मुख्यमन्त्रीहरू; वित्त मन्त्रीहरू, मन्त्रीहरू, आर्थिक मामिला र व्यय विभागका सचिवहरू, वित्त मन्त्रालय र राज्यहरू/केन्द्र शासित

प्रदेशहरू र केन्द्र सरकारका वरिष्ठ अधिकारीहरू उपस्थित थिए। सहभागीहरूले आर्थिक वर्ष २०२५-२६ को केन्द्रीय बजेटका लागि केन्द्रीय वित्तमन्त्रीलाई धेरै बहुमूल्य सुझाव दिए। श्रीमती सीतारामनले टिप्पणी गर्नु भयो, स्वस्थ समष्टि आर्थिक वातावरण, कर संकलनमा उछाल र दक्षताका कारण 15 औं वित्त आयोग अन्तर्गत विगत 45 महिनामा अप्रेल 2021 देखि दिसम्बर 2024 सम्म राज्यहरूलाई हस्तान्तरण गरिएको रकम 60 महिनामा 14 औं वित्त आयोगमा हस्तान्तरण गरिएको राशिभन्दा अधिक छ।केन्द्रीय वित्त मन्त्रीले पूँजी लगानीका लागि राज्यहरूलाई विशेष सहायता योजनाको पनि उल्लेख गर्नु भयो जुन पहिलो पटक केन्द्रीय बजेट २०२०-२१ मा घोषणा गरिएको थियो र राज्यहरूबाट उत्कृष्ट प्रतिक्रिया प्राप्त भएको छ।

****** ० ******

**जीएसटी बैठक-जैसलमेर**

वस्तु र सेवा कर-जीएसटी काउन्सिलको 55 औं बैठक आज जैसलमेरमा हुनेछ। केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले बैठकको अध्यक्षता गर्नु हुनेछ। जसमा वस्तु तथा सेवा कर सम्बन्धी प्रमुख विषयमा छलफल हुनेछ। गोवा, हरियाणा, जम्मू कश्मीर, मेघालय र ओडिशाका मुख्यमन्त्रीहरू बैठकमा सहभागी हुनेछन्। यस लगायत अरुणाचल प्रदेश, बिहार, मध्य प्रदेश, राजस्थान र तेलंगानाका उप मुख्यमन्त्रीहरू र विभिन्न राज्य र केन्द्र शासित प्रदेशका वित्तमन्त्रीहरू पनि सहभागी हुनेछन्। बैठकको सम्पूर्ण तयारी पूरा भएको हाम्रा संवाददाताले जानकारी दिएका छन्।

****** ० ******

**सरकार-एडीबी**

केन्द्र सरकार र एसियाली विकास बैंक–एडीबीबीच ३५० मिलियन डलरको रणनीतिक ऋण सम्झौता भएको छ। यो ऋण मल्टिमोडल र एकीकृत लजिस्टिक इकोसिस्टमलाई सुदृढ गर्ने दोस्रो कार्यक्रमको हिस्सा हो। यस कार्यक्रममार्फत सरकारले देशको लजिस्टिक क्षेत्रमा व्यापक सुधार गरिरहेको छ। यसले आपूर्ति श्रृंखला लचिलोपन सुधार गर्न र उत्पादन क्षेत्रलाई बढावा दिने उद्देश्यका दुई अन्य कार्यक्रमहरू समावेश गर्दछ।

****** ० ******

**एमडीएल-युद्धपोत**

मझगांव डॉक शिपबिल्डर्स लिमिटेड-एमडीएलले दुई महत्वपूर्ण युद्धपोत निलगिरी र सुरत भारतीय नौसेनालाई हस्तान्तरण गरेको छ।

****** ० ******